ख्रीष्टमा विश्वासीले पाएको छुटकारा र क्षमाको कुरा गर्दा पावलले "उहाँको अनुग्रहको धन" (एफेसी १:७) भनेर उल्लेख गर्छन्। अर्को ठाउँमा उनले "तर म जे छु **उहाँको अनुग्रहले छु**" (१ को १५:१०) भन्छन्। हरेक विश्वासीलाई परमेश्वरले अनन्त सान्तवना र **अनुग्रहद्वारा** असल आशा दिनुभएको छ (२ थेस्स २:१६-१७)। २ को ८:९ पढ्नुहोस् -**प्रभु येशू ख्रीष्टको अनुग्रह** जान्दछौ- **तिमीहरू धनवान्** हुन सक भनेर।

धेरैजना विश्वासीहरू उनीहरूले पाएको **धनहरू**को महत्त्व बुझ्नलाई असफल भइरहेका हुन्छन्। fail to appreciate. एक वृद्ध चाँदी खनकले पश्चिम अमेरिकाको पहाडहरूहुँदो चाँदीको खोजीमा आफ्नो जीवनै बिताए। आफ्नो खोजीमा उनी यति तल्लीन भएका थिए कि उनकी पत्नी र बालबाच्चाहरूले समेत उनलाई त्यागिदिएका थिए। उनी मरेपछि उनलाई दफन गर्न आएका दुईचार जनाले उनको साथमा एउटा सानो कागत भेट्टाए जसमा उनलाई उनकै छाप्रोमुनि दफन गरियोस् भन्ने निर्देशन लेखिएको पाइयो। साबेलले जमीन खन्दै जाँदा त्यहाँ खरानी रङ्गको चमकदार पद्धार्थ देखापर्न थाल्यो। त्यहाँ त क्यालिफोर्निया राज्यकै इतिहासमा सबैभन्दा मूल्यवान् चाँदी खानी भेटियो जुनचाहिँ "कम्स्टक सिल्भर भेन" को नामले प्रख्यात भयो! त्यो खनक, एक खरबपति भए तापनि जीवनभरि उनलाई आफ्नो सम्पत्तिको कहिल्यै पत्तो भएन अनि उनले आफ्नो सम्पत्तिको कहिल्यै उपभोग गरेनन्। उनले आफ्नो प्राप्तिलाई कहिल्यै प्राप्त गरेनन्। त्यो उनकै भएर पनि त्यो उनको हुन सकेन। उनले आफूसँग भएको कुराको कहिल्यै उपभोग गरेनन्।

हरेक साँचो विश्वासी एक आत्मिक खरबपति हो। बाइबलले बताउँछ, ख्रीष्ट हाम्रा निम्ति गरिब हुनुभयो (र हाम्रो लागि मर्नुभयो) ताकि उहाँको गरिबीद्वारा हामी धनवान हुन सकौं (२कोे८:९)। विश्वासीहरू, राजाका सन्तान भएर पनि कतिपटक एउटा **माग्ने**जस्तै भएर हिँडिरहेको हुन्छ जब कि ऊ त एउटा **राजकुमार**जस्तै भएर जिउनुपर्ने हो। उहाँको अतुलनीय अनुग्रहले हामी कति धनवान् छौं भन्ने कुरा हामीले जानेको परमेश्वर चाहनुहुन्छ। पढ्नुहोस - एफेसी १:३। हरेक आत्मिक आशिशले आशिषित छौं हामी!

हाम्रा सम्पत्ति के के हुन् भनेर जानेनौं भने हामी तिनलाई उपभोग गर्न सक्दैनौं। हामीले हाम्रो बोलावट के हो भनेर जानेनौं भने हामी हाम्रो बोलावटको योग्य चालमा हिँड्न सक्दैनौं (एफेसी ४:१)। परमेश्वरको वचनमा पाइने गहकिला तथ्य र सत्यताहरूलाई विश्वासैद्वारा दाबी गरिनुपर्छ। परमेश्वरले हामीलाई ख्रीष्टमा जसरी देख्नुहुन्छ हामीले आफूहरूलाई त्यसरी नै देख्नुपर्छ। हामीलाई ख्रीष्टमा जे दिइसकिएका छन् तिनलाई हामीले विश्वासैद्वारा  दावी गर्नु पर्छ।

हामी कसरी जिउनुपर्छ भन्ने कुरा परमेश्वरको अनुग्रहले हामीलाई सिकाउँछ (तीतस २:११-१४)। परमेश्वरको सिकाउने तरिका चाहिँ उहाँले अनुग्रहमा हाम्रो निम्ति के के गरिदिनुभएको छ भन्ने कुरा हामीलाई पहिला देखाउनु हो, अनि त्यसपछि त्यसअनुसार हिँड्नलाई हामीलाई बताउनु हो। एफेसी ५:८ ले यस कुरालाई छर्लङ्ग पार्छ (यसको राम्रो उदाहरण हो): किनकि तिमीहरू एक समय (नयाँ जन्म नपाएको पहिलाको समय) अन्धकार थियौ, तर अब तिंमीहरू प्रभुमा ज्योति हौ: ज्योतिका सन्तानझैं हिँड।" **हामी जो हौं** त्यसैको आधारमा हामी हिँड्नुपर्छ। हामी "जो हौं त्यही हुनुपर्छ"। हाम्रो **अवस्था** हाम्रो महिमित **ओहोदा**सित मेल खानुपर्छ"। ख्रीष्टमा भएको हाम्रो **ओहोदा**का महिमित तथ्यहरूलाई हामीले विश्वासैद्वारा जति बलियो गरी पक्रन्छौं, त्यति नै गरी हामी यस संसारमा प्रभुसित हिँड्ने क्रममा यसले हाम्रो वास्तविक **अवस्था**लाई (हिँडाइलाई) असर पार्नेछ।

हाम्रो समझका आँखाहरू उज्याला पारिएका होऊन्, ताकि हामीले उहाँको बोलावटको आशा के रहेछ, आदि (एफेसी १:१८-१९)।

[परमेश्वरको अनुग्रह हामीलाई मूल्यवान् लाग्नलाई पहिला हामीले ख्रीष्टमा भएको हाम्रो वर्तमान ओहोदालाई हामी ख्रीष्टभन्दा बाहिर पापमा मरको हुँदाको नयाँ जन्म नपाएको अवस्थासँग तुलना गर्नुपर्छ। परमेश्वरको अनुग्रहका महिमाहरू हामीले प्रभुलाई पाउनु भन्दा अगाडिको बेलाको हाम्रो विगतको अवस्थाको कालो पृष्ठभूमिको तुलनामा झन् चम्किलो देखा पर्छ। हामीले मुक्ति पाउनु अघि हामी के थियौं भन्ने कुरालई हामीले कहिल्यै नबिर्सेको परमेश्वर चाहनुहुन्छ: एफेसी २:११-१२ पढ्नु (**ख्रीष्टबिहिन, आशारहित, परमेश्वररहित**; तुलना तीतस ३:३। त्यसैले ख्रीष्टमा हाम्रो धनहरू विचार गर्नु अगाडि मुक्ति पाउनु अघि के कस्ता कुरा सत्य थिए भने विचार गरौं:]